नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

## मिति २०७८ वैशाख ६ गतेको जिल्ला विपद व्यवस्थापन समितिको बैठकका निर्णयहरु

एजेण्डाहरु

१. समीक्षा

२. कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण।

३. कोभिड-१९ रोकथाम तथा नियन्त्रण पूर्व तयारी तथा प्रतिकार्य योजना।

४. एम्बुलेन्स व्यवस्थापन ।

५. डढेलो तथा आगलागी नियन्त्रण ।

६. विविध

निर्णयहरु

१. जिल्ला विपद व्यवस्थापन समितिको यस अघिका बैठकमा भएका निर्णयहरुको कार्यान्वयन अवस्था, जिल्लामा भएका विपदका घटना आदिको सम्बन्धमा विस्तृत छलफल तथा समीक्षा गरियो ।जिल्लामा कोभिड-१९ को पुन: संक्रमण देखिएको हुँदा संक्रमण फैलिन नदिनका लागि उच्च सतर्कता र सावधानी अपनाउनुपर्ने आवश्यकता महशुस गरियो ।

२. छिमेकी मुलुक भारतमा कोभिड- १९ को संक्रमण तीव्र रुपमा बढ्दै गइरहेको तथा नेपालमा समेत संक्रमित तथा मृत्यु हुनेको संख्या बृद्धि भइरहेको र यस जिल्लामा समेत कोभिड-१९ को संक्रमण देखिई संक्रमितको मृत्यु समेत भईसकेको हुँदा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो:

(क) जिल्लाका सीमा नाकाहरुमा हेल्थडेस्कलाई व्यवस्थित रुपमा सञ्चालनमा ल्याउन आवश्यक स्वास्थ्यकर्मी र स्रोतसाधनको व्यवस्थापन गर्न सम्बन्धित स्थानीय तहहरुलाई पुन: अनुरोध गर्ने। उक्त हेल्थडेस्कहरुमा जिल्ला प्रहरी कार्यालयले आवश्यक सुरक्षाकर्मी खटाई चेकजाँचमा कडाई गरी बाहिरी जिल्लाहरुबाट आउने व्यक्तिहरुको अभिलेखलाई व्यवस्थित बनाउने।

(ख) स्थानीय स्तरमा क्वारेन्टीन तथा आइसोलेशन कक्षहरुलाई तत्काल तयारी अवस्थामा राख्न जिल्लास्थित स्थानीय तहहरुलाई पुन: अनुरोध गर्ने।

(ग) स्थानीय तहहरुमा रहेका CICT हरुको परिचालन गरी हाल संक्रमण देखिएका व्यक्तिहरुको सम्पर्कमा आएका व्यक्तिहरुको Contact Tracing गरी तत्काल परीक्षणको व्यवस्था मिलाउने। साथै स्वास्थ्य सेवा कार्यालयले सम्भाव्य जोखिम क्षेत्रहरुको पहिचान गरी परीक्षणको व्यवस्था मिलाउने।

(घ) जिल्लामा संक्रमण बृद्धि भएको अवस्थालाई मध्यनजर राखी परीक्षण र उपचारका लागि आवश्यक भौतिक पूर्वाधार लगायतको स्रोतसाधनको व्यवस्था गरिदिन प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गरी पठाउने।

(ङ) संक्रमणको जोखिम पूर्णरुपमा नहट्दासम्म कुनै किसिमका मेला, महोत्सव, जुलुश, धर्ना, आमसभा, खेलकुदका कार्यक्रम, साँस्कृतिक कार्यक्रम लगायतका भीडभाड हुने खालका कार्यक्रमहरु सञ्चालन नगर्ने/नगराउने, विवाह, ब्रतबन्ध लगायत नियमित रुपमा गर्नुपर्ने धार्मिक/साँस्कृतिक कार्यक्रमहरु

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

सञ्चालन गर्नुपरेमा सीमित व्यक्तिको उपस्थितिमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्रै सञ्चालन गर्ने ।

(च) विभिन्न कार्यालय, निकाय, संघसंस्था, राजनीतिक दल आदिले अत्यावश्यक बैठक, प्रशिक्षण, गोष्ठी आदि सञ्चालन गर्नुपरेमा स्थानीय प्रशासनको पूर्व स्वीकृति लिई २५ जना भन्दा बढी सहभागी नहुने गरी तोकिएको भौतिक दुरी र स्वास्थ्य सुरक्षाका अन्य मापदण्डहरु पालना गरेर मात्रै सञ्चालन गर्ने।

(छ) स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्रै विद्यालय तथा शैक्षिक संस्थाहरु सञ्चालन गर्न, विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउन र नेपाल सरकारको निर्णय/निर्देशन अनुरुप हुने गरी शिकाईको वैकल्पिक पद्धति लागू गर्न जिल्लास्थित सम्पूर्ण शैक्षिक संस्थाहरुलाई निर्देशन दिने।

(ज) सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गराएर मात्रै सेवा सञ्चालन गर्ने। संक्रमणको जोखिमलाई मूल्यांकन गरी बढी भीडभाड हुने कार्यालयहरुले स्थानीय प्रशासनसँगको समन्वयमा सेवा प्रवाहको वैकल्पिक उपाय अवलम्बन गर्ने ।

(झ) पसल, व्यवसाय, होटल, रेष्टुरेन्ट, उद्योग, कलकारखाना लगायतका सम्पूर्ण व्यवसाय सञ्चालन गर्दा तोकिएका स्वास्थ्य मापदण्डहरुको पूर्ण पालना गरी सञ्चालन गर्ने र राती १०:०० बजे पश्चात सम्पूर्ण व्यवसायहरु बन्द गर्ने। यस कार्यको लागि आवश्यक समन्वय र सहजीकरण रुकुम उद्योग बाणिज्य संघले गर्ने।

(ञ) सवारी साधनहरुमा चालक,सहचालक तथा यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने, स्यानीटाईजरको व्यवस्था गर्ने, सीट क्षमता भन्दा बढी यात्रु नराख्ने लगायत तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्रै सवारी साधनहरु सञ्चालन गर्ने । जिल्ला प्रहरी कार्यालय तथा जिल्ला ट्राफिक प्रहरी कार्यालयबाट सवारी साधनहरुको नियमित तथा आकस्मिक चेकजाँच गरी मापदण्ड पालना नगरेको पाइएमा तत्काल कारवाही गर्ने ।

(ट) जिल्ला बाहिर सञ्चालन हुने सार्वजनिक सवारी साधनहरुले अन्य जिल्लाबाट यस जिल्लामा प्रवेश गर्दा उक्त साधनमा सवार हुने सबै यात्रुहरुको नाम, ठेगाना, सम्पर्क नम्बर, चढेको स्थान र गन्तव्य स्थानसहितको विवरण अनिवार्य रुपमा तयार गरी जिल्ला प्रवेश गर्ने नाकास्थित हेल्थडेस्क वा प्रहरी इकाईमा बुझाउने। यसरी प्राप्त भएको यात्रुहरुको विवरणलाई सम्बन्धित स्थानीय तहहरुमा पठाई नियमित रुपमा निगरानी गर्ने व्यवस्था मिलाउने ।

(ठ) विदेश तथा नेपालको संक्रमित क्षेत्रहरुबाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरुलाई अनिवार्य रुपमा १० दिन क्वारेन्टीन/होम क्वारेन्टीनमा बस्न अनुरोध गर्ने। यस्ता व्यक्तिहरुको पहिचान गरी सम्बन्धित वडास्तरीय जनप्रतिनिधि र नजिकको प्रहरी इकाईबाट अनुगमन र निगरानी गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

(ङ) कोभिड-१९ संक्रमित व्यक्तिको मृत्यु भएमा शव विसर्जन गर्ने स्थानको पहिचान गरी पठाउन स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

(ढ) कोभिड-१९ संक्रमित/शंकास्पद व्यक्तिलाई तत्काल स्वास्थ्य संस्थामा पुर्‍याउनको लागी हरेक पालिकामा Patient Receive/Transport team गठन गरी जिल्ला विपद् व्यवस्थापन समितिमा जानकारी गराउन स्थानिय तहहरुलाई अनुरोध गर्ने ।

(ण) जिल्लास्थित गैरसरकारी संस्थाहरुले कोभिड-१९ रोकथाम र नियन्त्रणसम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिई स्थानीय प्रशासन र स्थानीय तहहरुसँगको समन्वयमा कोभिड-१९ सम्बन्धी सचेतनामूलक र क्षमता विकाससम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

(त) जिल्लास्थित सञ्चार माध्यमहरुले कोभिड-१९ रोकथाम र नियन्त्रणसम्बन्धी सचेतनामूलक सन्देशहरु प्रवाह गर्ने तथा यससम्बन्धी संवाद/ परिसंवाद कार्यक्रमहरुलाई प्राथमिकता दिने।

(थ) कोभिड-१९ को संक्रमणबाट बच्नका लागि तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्न/गराउन सबैमा हार्दिक अनुरोध गर्ने र पालना नभएको खण्डमा स्थानीय प्रशासनले प्रचलित कानून बमोजिम कारवाही गर्ने।

(द) जिल्लामा कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारको निर्णय तथा निर्देशन र संक्रमणको जोखिमको अवस्था हेरी प्रचलित कानून बमोजिम स्थानीय प्रशासनबाट आवश्यक आदेश जारी गरी कार्यान्वयनमा ल्याउने।

३. सबै स्थानीय तहहरुले कोभिड-१९ रोकथाम तथा नियन्त्रणका लागि पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई लागू गर्ने। स्थानीय तहहरुसँगको समन्वयमा ७ दिनभित्र जिल्लास्तरीय कोभिड-१९ रोकथाम तथा नियन्त्रण पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई पेश गर्न देहाय बमोजिमको समिति गठन गर्नेः

(क) सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय – संयोजक
(ख) प्रमुख, स्वास्थ्य सेवा कार्यालय – सदस्य
(ग) विज्ञ चिकित्सक, जिल्ला अस्पताल - सदस्य
(घ) स्वास्थ्य संयोजक, जिल्लास्थित सबै स्थानीय तह - सदस्य
(ङ) प्रहरी निरीक्षक, जिल्ला प्रहरी कार्यालय - सदस्य
(च) प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी रुकुम (पश्चिम)शाखा – सदस्य
(छ) प्रतिनिधि, रुकुम उद्योग बाणिज्य संघ– सदस्य
(ज) प्रतिनिधिहरु, कोभिड-१९ को क्षेत्रमा जिल्लामा क्रियाशील गैरसरकारी संस्थाहरु- सदस्य
(झ) कोभिड-१९ फोकल पर्सन, स्वास्थ्य सेवा कार्यालय - सदस्य सचिव

४. कोभिड-१९ प्रयोजनका लागि हरेक स्थानीय तहहरुमा कम्तीमा एक/एक वटा एम्बुलेन्स तयारी अवस्थामा राख्नुपर्ने देखिएको हुँदा यस अघि पार्टिशन भएका एम्बुलेन्सहरुलाई मर्मत गर्नुपर्ने भए मर्मत गराई चालु अवस्थामा राख्ने र कोभिड-१९ का बिरामीलाई बोक्ने कार्यमा प्राथमिकता दिने। यस अघि पार्टिशन सहितको एम्बुलेन्सको व्यवस्था नगरेका स्थानीय तहहरुले पार्टिशन सहितको एम्बुलेन्सका

लागि आवश्यक व्यवस्था मिलाउने। साथै अन्य एम्बुलेन्स सञ्चालकहरुले समेत आ-आफ्ना एम्बुलेन्सहरुलाई कोभिड-१९ मैत्री बनाई कोभिड-१९ का बिरामी बोक्न प्राथमिकता दिने।

५. जिल्लाका विभिन्न क्षेत्रमा डढेलो तथा आगलागीका घटनाहरु भइरहेको, जसका कारण ठूलो संख्यामा धन, जन र पशुचौपायाको क्षति भईरहेको हुँदा र डढेलो तथा आगलागीको अझै सम्भावना रहेकोले यसको रोकथाम, नियन्त्रण, उद्दार र राहतका लागि निम्नानुसार गर्ने निर्णय गरियो:

(क) डढेलो लगाउने व्यक्तिहरुको पहिचान गरी कानूनी कारवाही गर्नुपर्ने देखिएको हुँदा यस्ता व्यक्तिहरुको पहिचानका लागि आवश्यक सहयोग पुऱ्याउन स्थानीय जनप्रतिनिधि, बन उपभोक्ता समितिहरु तथा स्थानीयवासीहरुमा अनुरोध गर्ने ।

(ख) डढेलो तथा आगलागीका घटना न्यूनीकरणका लागि डिभिजन बन कार्यालय तथा स्थानीय तहहरुबाट सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) सम्भावित घटनालाई मध्यनजर राखी स्थानीयस्तरमा प्रतिकार्य टोलीहरु निर्माण गरी परिचालन गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

(घ) घटनाका उद्दारका लागि आवश्यक सामग्री तथा स्रोतसाधनको व्यवस्थापन गर्न स्थानीय विपद व्यवस्थापन समितिलाई अनुरोध गर्ने।

(ङ) आगलागीका घटनामा पीडित घरपरिवारलाई स्थानीय तह तथा स्थानीय प्रशासनको समन्वयमा तत्काल राहत वितरणको व्यवस्था मिलाउने ।

(च) अन्यत्र बसोबास नभएका व्यक्तिहरुलाई सम्बन्धित स्थानीय विपद व्यवस्थापन समितिबाट तत्काल अस्थायी आश्रयस्थलको व्यबस्था मिलाई थप राहतका लागि जिल्ला विपद व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने ।

(छ) आगलागी नियन्त्रणका लागि हालसम्म जिल्लामा एउटा पनि दमकल नरहेको हुँदा दमकलको व्यवस्थापन गर्नका लागि मुसिकोट नगरपालिका र चौरजहारी नगरपालिकालाई अनुरोध गर्ने ।

६. मिति २०७७ फागुन १३ देखि २०७८ वैशाख ५ गतेसम्म विभिन्न विपदका घटनामा पीडित भएका १७ घरपरिवारलाई विपद पीडित उद्दार र राहत सम्बन्धी (सातौं संशोधन) मापदण्ड, २०७७ बमोजिम जिल्ला विपद व्यवस्थापन समितिको तर्फबाट वितरण गरिएको रुकम रु ३,२०,००० (तीन लाख बीस हजार) अनुमोदन गर्ने ।